दुल्लू नगरपालिकाको,

# विनियोजन ऐन २०७५

नगर सभावाट स्वीकृत मिति : २०७५।३।३०

दुल्लू नगरपालिका

दुल्लू, दैलेख

# दुल्लू नगरपालिकाको विनियोजन ऐन २०७५

**दुल्लू नगरपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मितिः २०७५/३/३०

**प्रस्तावना**:. दुल्लू नगरपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम दुल्लू नगर सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "दुल्लू नगरपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७५/०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१) आर्थिक वर्ष २०७५/०७६ को निमित्त दुल्लू नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च ( नगरपालिका, विभिन्न गैर सरकारी संस्था र सरकारी विषयगत कार्यालय समेत) रकम समेत गरी जम्मा रकम रु. ५८८२७७६६४।१८ (अक्षेरुपी अन्ठाउन्न करोड, बयासी लाख, सतहत्तर हजार, छ सय चौसठ्ठी रुपैया अठार पैसा मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/०७६ को निमित्त दुल्लू नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा(१)मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

४. अमान्य हुने : यस ऐनमा भएका प्रावधान नेपालको संविधान, संघीय कानुन र प्रदेश कानुन सँग बाझिएको खण्डमा बाझिएको हद सम्म स्वतःअमान्य हुने छ ।

अनुसूची–१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

# संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगर कार्यपालिकावाट | ७९३९०।५ | १३४७८५ | 0 | २१४१७५।७१९ |
| २ | | वडाबाट | 0 | १२४८२७ | 0 | १२४८२७।२३ |
| ३ | | बिषयगत शाखा | 0 | १०५00 | 0 | १०५00 |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | 0 | 0 | 0 | 0 |
| ५ | | लगानी (शेयर/ऋण) | 0 | 0 | 0 | 0 |
| ६ | | गैर सरकारी संस्था | 0 | ३८१४९ | 0 | ३८१४९।१३५ |
| ७ | | जेष्ठ नागरिक दीर्घसेवा सम्मान तथा सामाजिक सुरक्षा कार्यक्रम तर्फ रु : ६ करोड ७० लाख | ६८१६६।१६ | 0 | 0 | ६८१६६।१६ |
| ८ | | सशर्त अनुदान | १३१३00 | 0 | 0 | १३१३00 |
| ९ | | अन्य योजना (सडकबोर्ड) | 0 | ११५९।४ | 0 | ११५९।४२ |
| | | जम्मा | २७८८५६।६६ | ३०९४२१ | | ५८८२७७।६६४ |